# सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको सूचना विवरण

सूचना सार्वजनिक गरेको अवधिः २०८१ माघ देखि २०८१ चैत्र सम्म

## पोखरा महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

न्युरोड, पोखरा, गण्डकी प्रदेश, नेपाल

## (१) निकायको स्वरुप र प्रकृतिः

वि.सं. २०१६ साल पौष २ गते १३ वडा सहित स्थापना भएको पोखरा नगरपालिका, पोखरा नगर पञ्चायत नामाकरण भएको २०५२ मा विस्तारित भई १८ वडा सहितको उप-महानगरपालिका बनेको हो । गणतन्त्र स्थापना पश्चात् २०७१ मङ्सिर १६ गते पोखरा उपमहानगरपालिका आसपासका तत्कालीन गाउँ विकास समितिहरू मिलाएर २९ वटा वडा पुर्यालएर पोखरा उप-महानगरपालिकामा रूपान्तरित भयो। २०७२सालमा नेपालको संविधान जारी भए पछि राज्य पुनः संरचना हुँदा साविकको पोखरा उप-महानगरपालिका, लेखनाथ नगरपालिका र आसपासका गाविसहरू मौजा, चापाकोट, कास्कीकोट, पुरन्चौर पुरै, भदौरे तामांगीका वडा नं ३ र ९, माझठानाका वडा नं १, ४ र ९, र कालिकाका वडा नं १ र ५ मिसाएर ३३ वडा कायम गरी २०७३ फागुन २७ गते पोखरा लेखनाथ महानगरपालिका गठन भएको हो । पोखरा महानगरपालिका नगर सभाको सिफारिस बमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) को २०७५ साउन २३ गतेको निर्णयअनुसार पोखरा लेखनाथ महानगरपालिकाको नाम हेरफेर भई पोखरा महानगरपालिका कायम भएको छ ।

पोखरा महानगरपालिकाको क्षेत्रफल ४६४.२४ वर्ग कि.मि. रहेको छ भने कुल जनसङ्ख्या ५,१३,५०४ (राष्ट्रिय जनगणना २०७८ संक्षिप्त नतिजा) छ । महानगरपालिकाको केन्द्र साविक पोखरा उप-महानगरपालिका कार्यालय नै रहनेछ । पोखरा महानगरपालिकाको पूर्वी सिमानामा मादी र रुपा गाउँपालिका, पश्चिममा अन्नपूर्ण गाउँपालिका पर्वत र स्याङ्जा जिल्ला रहेको छ उत्तरी सिमानामा माछापुच्छ्रे र मादी गाउँपालिका तथा दक्षिणमा स्याङ्जा र तनहुँ जिल्ला रहेको छ ।

**निकायको परिचय**

- प्रदेशः गण्डकी प्रदेश
- जिल्लाः कास्की
- क्षेत्रफलः ४६४.२४ वर्ग कि.मी
- वडा संख्याः ३३
- दीर्घकालिन सोचः"समुन्नत पोखराको आधार, सबल अर्थतन्त्र र पूर्वाधार"
- परिवार संख्याः१,४०,४५९ जनसंख्याः ५,१३,५०४ महिलाः २,६५,९९५ पुरुषः २,४७,५०९
- साक्षरता प्रतिशतः ८८.७%
- कार्यरत कर्मचारी संख्याः ९६९
- औसत तापक्रमः २१.५$^{0}$C
- विद्यालय

| | | |
|---|---|---|
| सामुदायिक | माध्यमिक विद्यालय | ७३ |
| | आधारभूत विद्यालय | १२३ |
| संस्थागत | माध्यमिक विद्यालय | ७६ |
| | आधारभूत विद्यालय | १६१ |

## (२) निकायको काम, कर्तव्य र अधिकारः

यस महानगरपालिका नेपालको संविधानको अनुसूची-८ मा स्थानीय तहको एकल अधिकारको सूची र अनुसूची–९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ र गण्डकी प्रदेश कानुन बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा अन्य कानुनी प्रबन्धहरु, समय समयमा जारी हुने परिपत्रहरु एवं महानगरपालिकाको स्थानीय कानुनहरु (ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, मार्गदर्शन) र निर्णयहरु समेतले तोके बमोजिमको काम, कर्तव्य र अधिकार निर्दिष्ट छ।

नेपालको संविधानले तोकेका काम, कर्तव्य र अधिकार

- नगर प्रहरी व्यवस्थापन
- सहकारी संस्था व्यवस्थापन
- एफ एम सञ्चालन
- स्थानीय कर, सेवा शुल्क तथा दस्तुर
- स्थानीय सेवाको व्यवस्थापन
- स्थानीय तथ्याङ्क र अभिलेख संकलन
- स्थानीय स्तरका विकास आयोजना तथा परियोजना
- आधारभूत र माध्यमिक शिक्षा
- आधारभूत स्वास्थ्य र सरसफाई
- स्थानीय बजार, व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता
- स्थानीय सडक, ग्रामीण सडक , कृषि सडक र सिंचाइ
- गाउँ सभा, नगर सभा , मेलमिलाप र मध्यस्थताको व्यवस्थापन
- स्थानीय अभिलेख व्यवस्थापन
- कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन , पशु स्वास्थ्य सहकारी
- जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन
- बेरोजगारको तथ्याङ्क संकलन
- कृषि प्रसारको व्यवस्थापन, संचालन र नियन्त्रण
- घर जग्गा धनी पूर्जा वितरण
- खानेपानी, साना जलविद्युत आयोजना, बैकल्पिक उर्जा
- विपद् व्यवस्थापन
- जलाधर, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण
- भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास

## (३) निकायमा रहने कर्मचारी विवरणः

यस महानगरपालिकामा स्थायी, करार, समायोजन भई आएका, कामकाजमा खटिएका कर्मचारीहरुको संख्या, कर्मचारीको सेवा, समुह, तह समेतको विस्तृत विवरण तस्विर सहितको र महानगरपालिकाको संगठन संरचना समेत नगर सभाबाट स्वीकृत भएबमोजिम काम कारवाही भइरहेको छ। उच्च पदमा कार्यरत पदाधिकारी एवं कर्मचारीहरुको विवरण पोखरा

महानगरपालिकाको वेभसाइट pokharamun.gov.np मा समेत राखिएको छ ।निकायमा रहने कर्मचारी विवरण ४३औं का.पा. बाट स्वीकृत दरबन्दी संरचना अनुसार रहेको छ ।

**महानगरपालिकाको कार्यालय अन्तर्गत महाशाखा/शाखामा रहेका कर्मचारी(प्रमुख)हरुको विवरण**

| **महाशाखा तर्फ** | | | | |
|---|---|---|---|---|
| **क सं.** | **कर्मचारीको नाम** | **पद** | **महाशाखा** | **सम्पर्क नं.** |
| १ | श्री हेम प्रसाद आचार्य | उप सचिव दशौ | शिक्षा महाशाखा प्रमुख | ९८४६२१९४३३ |
| २ | श्री जयराम पौडेल | उप सचिव दशौ | आर्थिक प्रशासन महाशाखा प्रमुख | ९८५६०३१३१८ |
| ३ | श्री मनहर कडरिया | उप सचिव दशौ | आर्थिक विकास महाशाखा प्रमुख | ९८५६०५३३२० |
| ४ | श्री निर्मला शर्मा | उप सचिव दशौ | सामाजिक विकास महाशाखा प्रमुख | ९८५७६२५१२५ |
| ५ | श्री भरतराज पौडेल | उप सचिव नवौं | स्वास्थ्य महाशाखा प्रमुख | ९८५६०५८२८८ |
| ६ | श्री कृष्ण प्रसाद तिवारी | उप सचिव नवौं | प्रशासन महाशाखा प्रमुख | ९८५६००३०४५ |
| ७ | श्री नवराज पौडेल | उप सचिव नवौं | राजश्व महाशाखा प्रमुख | ९८४५९९१५९९ |
| ८ | श्री बिमल रञ्जन कार्की | सि.डि.ई(नवौं तह) | पर्यटन तथा शहरी विकास महाशाखा | |
| ८ | श्री सुरेन्द्र पाण्डे | वरिष्ठ ईन्जिनियर आठौं | पूर्वाधार विकास महाशाखा प्रमुख | ९८५६०३५९०४ |
| ९ | श्री अशोक कुमार सूनार | अधिकृतस्तर आठौ | योजना.अनुगमन तथा सूचना प्रविधि महाशाखा प्रमुख | ९८४६६३९४६८ |

| **शाखा तथा उप शाखा तर्फ** | | | | |
|---|---|---|---|---|
| **क सं.** | **कर्मचारीको नाम** | **पद** | **शाखा तथा उप शाखा** | **सम्पर्क नं.** |
| १ | श्री विष्णुमाया पौडेल | म.वि.अधिकृत आठौं | सामाजिक विकास महाशाखा | ९८४६०४७६१४ |
| २ | श्री अनिल कार्की | अधिकृत आठौ तह | खरिद शाखा प्रमुख | ९८४१७२३८५८ |
| ३ | श्री नारायण प्रसाद शर्मा | वरिष्ठ कानून अधिकृत आठौं तह | कानुन शाखा प्रमुख | ९८५६०२०८२० |
| ४ | श्री रोमनाथ उपाध्याय | व.आ.ले.प. अधिकृत | आलेप शाखा प्रमुख | ९८५६०३५३५० |
| ५ | श्री कृपा रंजित | वरिष्ठ ईन्जिनियर आठौं | पर्यटन शाखा प्रमुख | ९८४६३८००३२ |
| ६ | श्री लक्ष्मी प्रसाद गौतम | कृषि विकास अधिकृत आठौं तह | भवन तथा अन्य पूर्वाधार शाखा | ९८५६०३२९०० |
| ७ | श्री शिशिर अर्याल | ईन्जिनियर आठौं | सडक शाखा प्रमुख | ९८४१०१८७११ |
| ८ | श्री विवेक कुमार खत्री | ईन्जिनियर आठौं | खानेपानी शाखा प्रमुख | ९८४६२७९११९ |
| ९ | श्री नविन गौतम | ईन्जिनियर आठौं | खरिद शाखा | ९८४६७९५१०५ |
| १० | श्री नवराज अधिकारी | अधिकृत आठौं (CEO) | व्यवसाय प्रवर्द्धन केन्द्र | ९८५६००३०५२ |
| ११ | श्री सुरेन्द्र पौडेल | वरिष्ठ ईन्जिनियर आठौं तह | घर नक्शा शाखा प्रमुख | ९८५६०२१४५३ |

| | | | | |
|---|---|---|---|---|
| १२ | श्री राजु रेग्मी | ईन्जिनियर सातौं | पूल शाखा प्रमुख | ९८५६०३२४८४ |
| १३ | श्री किरण चौधरी | प्रशासकीय अधिकृत सातौं | विपद् व्यवस्थापन शाखा प्रमुख | |
| १४ | श्री दिपेन्द्र पण्डित | प्रशासकीय अधिकृत सातौं | प्रमुख राजश्व प्रशासन शाखा | ९८४३०३१०९४ |
| १५ | श्री प्रभात लामिछाने | प्रशासकीय अधिकृत सातौं | भू.द.भू.सु र अ.बसोबासी सेवा केन्द्र प्रमुख | ९८६६६१३००३ |
| १६ | श्री प्रकाश सुवेदी | प्रशासकीय अधिकृत सातौं | पोखरा उपत्यका नगर विकास समिति | ९८४७६३५१२४ |
| १७ | डा.श्री आशेष राज वि.क. | पशु चिकित्सक सातौं | शाखा प्रमुख, पशुसेवा शाखा | ९८६५३८२३२१ |
| १८ | श्री चन्द्रकान्त तिमिल्सीना | प्रशासकीय अधिकृत सातौं | पञ्जिकरण शाखा प्रमुख | ९८४६०२९५२९ |
| १९ | श्री ईश्वरी प्रसाद पोखरेल | प्रशासकीय अधिकृत सातौं | प्रशासन शाखा | ९८५६०२३६७९ |
| २० | श्री डिल्लिराम गिरी | प्रशासकीय अधिकृत सातौं | नगर प्रमुखज्यूको सचिवालय प्रमुख | ९८५६०२३६७९ |
| २१ | श्री नारायण प्र. अधिकारी | अधिकृत छैटौं | भण्डार तथा आपूर्ति शाखा प्रमुख | ९८५६०३८२८३ |
| २२ | श्री सुवास ढुङ्गाना | सूचना प्रविधि अधिकृत छैटौं | सूचना प्रविधि शाखा | ९८४६०००९४० |
| २३ | श्री विष्णु प्रसाद दाहाल | संयोजक, अधिकृत छैटौ | रोजगार सेवा केन्द्र प्रमुख | ९८५६००१००२ |
| २४ | श्री पुरुषोत्तम थापा | नगर प्रहरी निरीक्षक | सुरक्षा तथा निरीक्षण शाखा प्रमुख | ९८४६०४०७५१ |

**वडा कार्यालय अन्तर्गत रहने वडा सचिवहरुको नामथर,पद र सम्पर्क नं सहित**

| वडा नं. | वडा सचिव | दर्जा | सम्पर्क नं |
|---|---|---|---|
| १ | श्री पोष्टनारायण ढकाल | अधिकृत सातौं | ९८४६१३४९६४ |
| २ | श्री याचना श्री खवास | अधिकृत छैटौं | ९८४६१५०६१९ |
| ३ | श्री मोहन प्रसाद ढुङ्गाना | अधिकृत छैटौं | ९८५६०४८५१७ |
| ४ | श्री कमला गुरुङ | अधिकृत छैटौं | ९८४६७७९९९९ |
| ५ | श्री लक्ष्मण शर्मा | अधिकृत सातौं | ९८४९६२२१७८ |
| ६ | श्री रामबहादुर खत्री | अधिकृत छैटौं | ९८५६०५०६५१ |
| ७ | श्री राजेन्द्र पौडेल | अधिकृत सातौं | ९८५६०३६१७५ |
| ८ | श्री झंकनाथ पौडेल | अधिकृत सातौं | ९८५६०५०१०७ |
| ९ | श्री कुलराज पौड्याल | अधिकृत छैटौं | ९८५७६२४८२४ |
| १० | श्री शिवहरी शर्मा | अधिकृत छैटौं | ९८५६०३८००० |
| ११ | श्री कुल प्रसाद पौडेल | अधिकृत छैटौं | ९८५६०११४१ |
| १२ | श्री शारदा सापकोटा | अधिकृत छैटौं | ९८४६२८०११८ |
| १३ | श्री अञ्जु गुरुङ्ग | अधिकृत सातौं | ९८४६०४७९२० |

| | | | |
|---|---|---|---|
| १४ | श्री नुमनाथ पाध्या | अधिकृत सातौं | ९८४६०३५३३४ |
| १५ | श्री युवराज पौडेल | अधिकृत सातौं | ९८५६०१०८४० |
| १६ | श्री अग्निधर भुसाल | अधिकृत सातौं | ९८४७३५२९७७ |
| १७ | श्री सुरेन्द्र प्रसाद शर्मा | अधिकृत सातौं | ९८६३४५१७९६ |
| १८ | श्री हरिकृष्ण आचार्य | अधिकृत सातौं | ९८४६२८४९९३ |
| १९ | श्री सुजन शर्मा | अधिकृत छैटौं | ९८४६००३९६८ |
| २० | श्री राम प्रसाद तिवारी | अधिकृत सातौं | ९८४५७१२६८४ |
| २१ | श्री कृष्ण प्रसाद शर्मा | अधिकृत छैटौं | ९८४७६२६७१० |
| २२ | श्री विष्णु प्रसाद ढकाल | अधिकृत सातौं | ९८४६०९४८४२ |
| २३ | श्री कृष्ण प्रसाद गौतम | अधिकृत छैटौं | ९८४६७७३२६१ |
| २४ | श्री बिरेन्द्र बहादुर कठायत | अधिकृत सातौं | ९८६१८८००६८ |
| २५ | श्री चोलाकान्त पौडेल | अधिकृत छैटौं | ९८५६०३५४२३ |
| २६ | श्री लिलामणि भण्डारी | अधिकृत छैटौं | ९८५६०३६३५८ |
| २७ | श्री दिपेश अधिकारी | अधिकृत सातौं | ९८४६६४५७९५ |
| २८ | श्री विष्णु प्रसाद लामिछाने | अधिकृत छैटौं | ९८४६०३६३१३ |
| २९ | श्री दुर्गादेवी पौडेल न्यौपाने | अधिकृत छैटौं | ९८४६०२६४७५ |
| ३० | श्री खुमलाल लामिछाने | अधिकृत सातौं | ९८४६६२०९८० |
| ३१ | श्री राजेन्द्र सुवेदी | अधिकृत सातौं | ९८४६५७१४८९ |
| ३२ | श्री कमल खासु | अधिकृत सातौं | ९८६७८७२२५३ |
| ३३ | श्री सुदीप चापागाईं | अधिकृत सातौं | ९८५७०५५४३० |

## (४) निकायबाट प्रदान गरिने सेवाः

नेपालको संविधान, २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ र गण्डकी प्रदेश कानून बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा समय समयमा जारी हुने परिपत्रहरु एवं महानगरपालिकको स्थानीय कानुनहरु (ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड समेत), नगर सभा तथा नगर कार्यपालिकाका निर्णयहरु तथा पोखरा महानगरपालिकाको अविछिन्न अभ्यासहरुको अधीनमा रही स्थानीय सरकारको रुपमा सेवा, सुविधाहरु प्रदान गरिरहेको छ। कार्यालयबाट प्रदान गरिने सेवाका सम्बन्धमा कार्यालयमा राखिएको नागरिक बडापत्रमा समेत उल्लेख गरिएको छ।

## (५) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः

यस महानगरपालिकाबाट सेवा सुविधा प्रवाह गर्न सचिवालयहरु, समितिहरु, महाशाखाहरु, शाखाहरु, ३३ वटा वडा कार्यालयहरु, आयोजना, कार्यक्रम तथा अन्य कार्यालयहरु रहेका छन्। महानगरपालिकाको प्रमुख, उप–प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, प्रवक्ता, सूचना अधिकारी, तथा जिम्मेवार पदमा कार्यरत अधिकारीको विवरण पो.म.पा.को वेभसाइट pokharamun.gov.np मा समेत उल्लेख गरिएको छ।

## कार्यालय प्रमुखको नाम पद र सम्पर्क नः

| नाम थर | पद | दर्जा | सम्पर्क नं |
|---|---|---|---|
| श्री शिवराज चौलागाईं | प्रमुख प्रशासकीय अधिकृत | सह सचिव | ९८५६००७१११ |

## महाशाखाप्रमुखहरु र जिम्मेवार कर्मचारीहरुको विवरण

| क्र.स | महाशाखाको नाम | महाशाखा प्रमुखको नाम थर | कैफियत |
|---|---|---|---|
| १ | प्रशासन महाशाखा | श्री कृष्ण प्रसाद तिवारी | |
| २ | योजना अनुगमन तथा सूचना प्रविधि महाशाखा | श्री अशोक कुमार सुनार | |
| ३ | पूर्वाधार विकास महाशाखा | ई. श्री सुरेन्द्र पाण्डे | |
| ४ | पर्यटन तथा शहरी विकास महाशाखा | ई. श्री बिमल रञ्जन कार्की | |
| ५ | आर्थिक प्रशासन महाशाखा | श्री जयराम पौडेल | |
| ६ | आर्थिक विकास महाशाखा | श्री मनहर कडरिया | |
| ७ | शैक्षिक प्रशासन महाशाखा | श्री हेम प्रसाद आचार्य | |
| ८ | सामाजिक विकास महाशाखा | श्री निर्मला शर्मा | |
| ९ | स्वास्थ्य महाशाखा | श्री भरतराज पौडेल | |
| १० | राजश्व महाशाखा प्रमुख | श्री नवराज पौडेल | |

### (६) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

यस महानगरपालिकाले प्रदान गर्ने विभिन्न प्रकारको सेवा सुविधामा लाग्ने शुल्क एवं कार्यमा लाग्ने समयावधी विवरण पोखरा महानगरपालिकाले हरेक आर्थिक वर्षका लागि नगर सभाबाट जारी हुने आर्थिक ऐन, नीति, कार्यक्रम बजेट, स्थानीय सरकार सञ्चालन ऐन २०७४, स्थानीय कानुन, नागरिक वडापत्र समेतबाट निर्धारण गरे बमोजिम हुनेछ । यस सम्वन्धी व्यवस्था पोखरा महानगरपलिकाको वेभसाइट pokharamun.gov.np मा समेत उल्लेख गरिएको छ ।

## (७) निर्णय गर्ने प्रक्रिया र अधिकारीः

यस महानगरपालिकाको नगर सभा, नगर कार्यपालिकाको बैठक, संघीय तथा प्रदेश कानुन र स्थानीय ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, प्रचलित अभ्यासहरु तथा समय समयमा हुने निर्णयहरुको अधिनमा रही प्रमुख, उप–प्रमुख, प्रमुख प्रशासकीय अधिकृत मार्फत निर्देशित कार्यसम्पादन गर्नका निमित्त नगर सभाबाट संगठन संरचना अनुसारको पदीय जिम्मेवारीमा रहने कर्मचारीहरुको कार्यविवरण स्पष्ट तोकिएको छ । महानगरपालिकाको नीतिगत निर्णय लिने, आवश्यक मार्गदर्शन दिने र कार्यालयबाट हुने काम कारवाहीलाई निरन्तर अनुगमन, नियन्त्रण गर्ने कार्य नगर सभा र नगर कार्यपालिकाको बैठकले गरेको निर्णय, अनुगमन समिति, शहरी योजना आयोग र अन्य संस्थागत संयन्त्रबाट समेत हुने गरेको छ ।

| क्र.स | निर्णय | निर्णयकर्ता | कैफियत |
|---|---|---|---|
| १ | महाशाखागत कार्य | महाशाखा प्रमुख | |
| २ | निकायको समग्र प्रशासनिक कार्य | प्रमुख प्रशासकीय अधिकृत | |
| ३ | नीतिगत निर्णय | नगर सभा/कार्यपालिका बैठक/ नगर प्रमुख/ प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | न्यायिक समिति निर्णय | न्यायिक समिति / नगर उप प्रमुख | |

## (८) निर्णय उपर उजुरी सुन्ने अधिकारीः

यस महानगरपालिकाको काम कारवाही सम्बन्धमा सेवाग्राहीहरुको गुनासो तथा उजुरी महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतज्यूले सुनुवाई गर्ने व्यवस्था गरिएको छ।

## (९) सम्पादन गरेको कामको विवरणः

यस महानगरपालिका नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ, प्रदेश र स्थानीय कानुनले तोकेबमोजिम स्थानीय सरकारको रुपमा महानगरपालिकाले गर्न सक्ने सम्पूर्ण काम कारवाहीहरु गर्दै आईरहेको छ।

### महानगरबाट हुने समग्र सेवा प्रवाहको अवस्था

- विभिन्न विषयगत समिति/आयोग/प्रतिष्ठान/महाशाखा/शाखाहरु र अन्तर्गत निकायहरुबाट सेवा प्रवाह हुँदै आएको छ।

### सेवा प्रवाहमा सुधारात्मक पक्षहरु

- सेवा प्रवाहमा एकद्वार प्रणाली।
- Digital Citizens Charter को व्यवस्था।
- सेवा प्रवाहमा प्रविधिको प्रयोग गरिदै आएको।
- उद्यमशीलता प्रवर्दन गर्न व्यवसाय प्रवर्दन केन्द्र स्थापना।
- हेल्प डेस्कको व्यवस्था।
- सेवाग्राही विश्रामस्थलको व्यवस्था।
- प्राविधिक जनशक्ति उत्पादनका लागि बहुप्राविधिक शिक्षालयको सञ्चालन।
- वडा लगायत विभिन्न ४२ खर्च केन्द्रबाट भुक्तानी व्यवस्था
- कृषि उत्पादनमा समर्थन मूल्य निर्धारण।
- कृषि उत्पादन र उद्धमको आधारमा अनुदान वितरण
- ५० लाख सम्मका विकास योजना कार्यान्वयन वडाबाटै
- वडा तथा महानगर Profile निर्माण सम्पन्न
- घर नक्शा अभिलेखिकरण थालनी

## संस्थागत सुशासन तथा जवाफदेहीता प्रवर्दनका लागि गरिएका नवीन कार्यहरु

- Help Desk को व्यवस्था
- Hello Mayor
- One Door Service Delivery
- Client Waiting Room
- Public Hearing
- Social Auditing
- Projects Monitoring and Reporting
- Reward and Punishment System
- O and M Survey under discussion
- In-service and Periodic Training
- Grievance Handling unit
- Information Officer
- Clean and Green Pokhara Radio Program
- Providing Toll Free number for complaints and grievances
- Dress Code follow

## अभिलेख व्यवस्थापन

- कर्मचारीको व्यक्तिगत फाइल अध्यावधिक
- घर नक्शा डिजिटल अभिलेख
- राजश्व डिजिटल अभिलेख
- लेखांकन प्रणाली डिजिटल अभिलेख
- खरिद व्यवस्थापन डिजिटल अभिलेख
- योजना कार्यान्वयन डिजिटल अभिलेखको चरणमा
- कर्मचारी व्यवस्थापन Manual Record भएकोमा MIS मार्फत Digital Record Keeping System मा जाने तयारीमा
- E-Attendance

- E-Correspondence
- Record keeping with document Scanning

## दक्षता वृद्धिका लागि गरिएका प्रयासहरु

- ✓ कर्मचारी क्षमता अभिवृद्धि तालिम
- ✓ जनप्रतिनिधि क्षमता अभिवृद्धि तालिम
- ✓ कर्मचारी सेवाकालिन तालिम
- ✓ राजश्व सम्बन्धी तालिम
- ✓ कम्प्यूटर तालिम
- ✓ स्वास्थ्य तथा शिक्षा र कृषि क्षेत्रमा सामयिक तालिम

## नीतिगत सुधारका लागि गरिएका कार्यहरु

- ➢ विभिन्न कानुन निर्माण
- ➢ नियमावली निर्माण
- ➢ कार्यविधिहरु निर्माण
- ➢ मापदण्ड निर्माण

## कार्यालय व्यवस्थापन

- Hierarchy management
- Following managerial tools-forecasting and planning, organizing, staffing, directing, coordinating and controlling.
- Reducing office costs and optimum use of resources by the efficiency and effectiveness and proper planning and controlling of the activities.
- Managing change, maintaining public relation, optimizing social benefits.
- Promote innovation, leadership, smooth flow of work
- कार्यकक्ष व्यवस्था
- विद्युत तथा खानेपानीको व्यवस्था
- फर्निचर
- ई-हाजिरी व्यवस्था
- कार्य विभाजन र कर्मचारी व्यवस्थापन
- महाशाखा/शाखा/फाँट

## Receiving Grievance through Hello Mayor and Toll Free Number

- Through Hello Government
- Through Hello Mayor
- Through Deputy Mayor
- Through Chief Administrative Officer
- Through Information Officer
- Through e-mail
- Through Toll Free Number
- Handling Grievances Through Grievance Handling Officer

## गुनासो सुनुवाइ र सुझाव पेटीमा प्राप्त गुनासो फछ्र्यौट

- सुझाव पेटीकामा प्राप्त गुनासाहरु हरेक महिना खोलि मुचुल्का गर्ने गरिएको

## एकद्धार प्रणालीको प्रभावकारिता

- सेवाग्राहीलाई कोठाकोठामा पुग्नु पर्ने झन्झट हटेको
- सेवाग्राहीको समय बचत भएको
- काम नभएकोमा के कारणले नभएको थाहा हुने
- आवश्यक कागजात पुरा भएमा तुरुन्तै कार्य हुने
- सेवाग्राहीलाई विश्रामस्थलको व्यवस्था, पिउने पानीको व्यवस्था, फ्रि वाईफाईको व्यवस्था भएकोले सेवाग्राहीमा सकारात्मक प्रभाव पर्दै गएको ।

## सेवा प्रवाहमा प्रभावकारिता र भ्रष्टाचार विरुद्द शून्य सहनशिलता

- कार्यालयबाट कानुन पालानामा कडाई
- बैकल्पिक व्यवस्था गरेर मात्र विदा स्वीकृत हुने
- अनियमित र भ्रष्टाचारजन्य कार्य हुनसक्ने स्थानमा निगरानि बढाइएको
- विकास निर्माणका कार्यको नियमित अनुगमन र सुपरिवेक्षण
- अख्तियार वा अन्य निकायबाट हुने अनुसन्धानमा सहयोग र सहजिकरण
- मिडियाबाट बाहिर ल्याईएका सवालहरुमा अनुगमन गरी छानविन गरिएको र दोषि पाईएकोमा कारवाही गरिदै आएको ।
- कर्मचारी कार्यालयबाट बाहिर निस्किदा अनिवार्य रुपमा लगबुकको व्यवस्था
- कर्मचारीको नियमित अनुगमन तथा निरीक्षण

## कर्मचारी शासक नभई सेवक हुन भन्ने भावनाको विकास

- नगरबासी र जनताप्रतिको दायित्व र कर्तव्य वोध
- सकारात्मक सोंच सम्बन्धी तालिम
- सचेतना कार्यक्रम
- कानुनको कार्यान्वयन गर्ने संयन्त्र भएको जानकारी
- Implementation of People First guidelines
- Keeping the fact in mind that **people are sovereign**;
- जनताको उन्नति र प्रगतिका लागि विकास निर्माण एवं सामाजिक कल्याणका कार्यक्रम
- Well-being of the society is the well-being of the people and the nation.

## प्रशासनिक सुधारका लागि गरिएका नवीनतम प्रयास

१. एकद्वार प्रणालीबाट सेवा प्रवाह

२. गुनासो सुन्ने व्यवस्था र गुनासो फछ्र्यौट

३. E-Attendance कडाई गरिएको

४. नियमित सार्वजनिक सुनवाई र सामाजिक परीक्षण

५. वडा तथा महाशाखामा अधिकार प्रत्यायोजन

६. आवश्यकता अनुसार खर्च केन्द्र स्थापना

## महानगरपालिकाका विभिन्न महाशाखा/ शाखा बाट सम्पादित कामको विवरण

### क) प्रशासन महाशाखा

- महानगरपालिको संगठन विकास, सङ्गठन संरचना तथा दरबन्दी निर्धारण, जनशक्ति व्यवस्थापन र वृत्ति विकास तथा मानव संसाधन विकासका लागि अल्पकालीन तथा दीर्घकालीन योजना तर्जुमा तथा क्षमता विकास सम्वन्धी कार्य,
- महानगरलाई आवश्यक पर्ने जनशक्ति प्राप्त गर्ने, विकास गर्ने, उपयोग गर्ने, संभार गर्ने लगायतका कार्य गर्ने
- कर्मचारी प्रशासन सम्बन्धी कार्यः नियुक्ती, सरुवा, कार्वाही, दण्ड, पुरस्कार,अनिवार्य अवकाश, स्वच्छिक अवकास सम्बन्धी व्यवस्था मिलाउने ।
- कर्मचारी अभिलेख अद्यावधिक गर्ने ।
- महानगरको सम्पत्तिको संरक्षणको गर्ने ।
- जिन्सी मालसामानको अभिलेख अद्यावधिक गर्ने ।
- नगर सभा तथा नगर कार्यपालिकाको बैठक व्यवस्थापन गर्ने ।

- महानगरपालिकाको अन्य विभाग तथा शाखाहरुमा नीतिगत तथा कार्यक्रम समन्वय सम्वन्धी कार्य,
- कर्मचारीहरुको बढुवा, सरुवा तथा काज खटाउने सम्वन्धी कार्य,
- महानगरपालिकाका कर्मचारीहरुको विदा रेकर्ड तथा स्वीकृत सम्वन्धी कार्य,
- स्वीकृत संगठन स्वरुप तथा कार्यविवरण लागु गराउने सम्वन्धी कार्य,
- महानगरपालिका महाशाखाका कर्मचारीको कार्य विभाजन तथा कार्य विवरण तोक्ने सम्वन्धी कार्य,
- विभाग अन्तर्गतको प्रगति प्रतिवेदन तथा समिक्षा सम्वन्धी कार्य,
- महानगरपालिकाको कार्यहरुमा अन्तर महाशाखा सहयोग र समन्वयका लागि आवश्यक पहल गर्ने सम्वन्धी कार्य,
- अन्य महाशाखा, निकाय तथा वाह्य सरकारी एंव नीजि क्षेत्रका निकायहरुसंग समन्वय र सहयोग सम्वन्ध विकास र विस्तार सम्वन्धी कार्य,
- महानगरपालिकाका सम्पूर्ण कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन सम्वन्धी कार्य,
- कर्मचारी सम्बन्धी नीति, मापदण्ड, सेवा शर्त, र नियमन सम्बन्धी कार्य,
- स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी कार्य,
- सेवा ग्राहीहरुको गुनासो सम्बन्धी कार्य,
- विभिन्न महाशाखा, शाखाहरु तथा निकायहरु संग समन्वय गरी कार्यालयको काममा तिव्रता ल्याउने कार्य,
- स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग, प्रबर्द्धन र नियमनसम्बन्धी कार्यहरु,
- बिभिन्न सार्वजनिक विदा, उत्सव, जात्रा, उर्दी आदिको व्यवस्थापनको निरीक्षण सम्बन्धी कार्यहरु तथा राष्ट्रिय पर्व, सभा, समारोह, शिष्टाचार सम्बन्धी व्यवस्था,
- सार्वजनिक खरीद तथा सम्पत्ति व्यवस्थापन सम्बन्धी कार्यहरु,
- स्थानीय तह, प्रदेश र संघ तथा जिल्ला समन्वय समिति सँगको सम्वन्ध र समन्वय र प्रतिनिधित्व सम्बन्धी काम ।
- E-Attendance बाट हाजिरी लगायत स्थलगत अनुगमन निरीक्षण ।

## कानुन शाखा

**<u>निर्माण भएका कानुनहरु</u>**

- निर्माण भएको कानुनः नभएको
- ऐनः ३ वटा
- नियमावलीः नभएको
- कार्यविधिः १ वट संशोधन भएको
- निर्देशिकाः नभएको

- मापदण्डः नभएको
- मापदण्ड संशोधनः नभएको
- मुद्दा दर्ताः ६७
- फैसलाः ८८ (अघिल्लो आ.व सहितका)
- अदालत गएका मुद्दाः १०७ वटा
- अदातलको फैसलाः ४३ वटा
- अदालतमा रहेका चालु मुद्दाः ६२ वटा
- अदालतबाट उल्टिएका मुद्दाः नभएको
- मुल्तवि भएकाः ३ वटा
- अदालतसंग समन्वय र सहकार्य

## *निरीक्षण शाखा (नगर प्रहरी)*

- सडक व्यापारलाई निरुत्साहित
- छाडा चौपायाहरुले गर्दा सडक दुर्घटना हुने कुरालाई मध्यनजर गर्दै छाडा चौपायाहरुको व्यवस्थापन
- पर्यटकीय राजधानी पोखराको सुन्दरतामा आँच आउने खालका यत्रतत्र राखिएका एवम् समयावधि सकिएका व्यानर, होडिङ्ग बोर्ड ( ३००० तीन हजार) तथा निर्माण सामाग्री हटाईएका
- महानगर अन्तर्गतका व्यस्त बजारमा पैदलयात्रीको सहज आवतजावत तथा सवारी दुर्घटनालाई न्यूनिकरण गर्ने सडक पेटी खुला गरीदै आएको ।
- विना इजाजत तथा मापदण्ड विपरित निर्माण भएका संरचनालाई रोक्का राखेको
- अवैधानिक तवरले डाँडा उत्खनन गर्ने कार्य तथा सार्वजनिक जग्गामा निर्माण भएका संरचना हटाउने तथा सवारी साधन नियन्त्रणमा लिएको

## पञ्जिकरण शाखा

व्यक्तिगत घटनादर्ता तर्फः-

| | | |
|---|---|---|
| जन्म | पुरुष | ५७३ |
| | महिला | ४९४ |
| | तेस्रो लिङ्गी | ० |
| | जम्मा | १०६७ |
| मृत्यु | पुरुष | २७७ |
| | महिला | २१४ |
| | तेस्रो लिङ्गी | ० |

| | | |
|---|---|---|
| | जम्मा | ४९१ |
| सम्बन्ध विच्छेद | | १४७ |
| विवाह | | ६६४ |
| बसाईसरी आएको | दर्ता संख्या | २५६ |
| | सदस्य संख्या | ८९४ |
| बसाई सरी गएको | दर्ता संख्या | ११२ |
| | सदस्य संख्या | ३२९ |
| जम्मा | | **२७३७** |

**सामाजिक सुरक्षा तर्फः- आ.व. ०८१/८२(माघ-चैत्र सम्म)**

| लक्षित समूह | संख्या |
|---|---|
| अन्य ज्येष्ठ नागरिक भत्ता | २१०६२ |
| ज्येष्ठ नागरिक भत्ता (दलित) | २३८४ |
| ज्येष्ठ नागरिक एकल महिला | २०७७ |
| विधवा | ४४३६ |
| पूर्ण अपांगता भत्ता | ८७२ |
| अति अशक्त अपांगता भत्ता | १०६६ |
| दलित बालबालिका | २२७० |
| लोपन्मुख जाती | ५ |
| जम्मा | ३४१७२ |

## दमकल

| | |
|---|---|
| दमकल संख्या | ३ |
| आगालागी नियन्त्रण सम्बन्धी कार्य | १०८ |
| अन्य कार्य | २९ |

## विपद व्यवस्थापन

**विपदका घटनाहरुको विवरण**

| क्षतिको विवरण | संख्या |
|---|---|
| पहिरो/खोला तथा बाढीबाट भएको क्षती | १३२ |
| आगलागिका घटना | ३ |
| जोखिम न्यूनिकरण | ५६( रु १,५१,९५,०००) |

**राहत वितरणको अवस्था**

जम्मा घरपरिवारः- - ४

**जोखिम न्यूनिकरण योजनामा भएका खर्चहरुः-**

आ.व. ०८१/८२ कर्तिक देखि पौष सम्ममा रु.४८,००।-

(विपद् व्यवस्थापन कोषबाट खर्च हुने गरी निर्णय भएको आधारमा)

## भण्डार शाखा

१. कार्यालय सन्चालनका लागी स्टेशनरी मसलन्द तथा छपाई समानको टेण्डर आव्हानका लागी खरिद शाखामा पेश ।

२. वार्षिक विकास कार्यक्रम तथा बार्षिक प्रगतीविवरण को छपाई ।

३. कार्यालयमा प्राप्त समानको दाखिला ।

४. वडा समितिको कार्यालय तथा यस महानगर अन्तर्गत आवश्यकता का आधारमा स्कुटर तथा मोटरसाइकल टेण्डर आव्हानका लागी खरिद शाखामा पेश

५.ल्याण्डफिल्ड साइटको लागी आवश्यक समाग्री खरिद ।

६.खरिद शाखा बाट बोलपत्र भई कार्य सम्पन्न भएका डि पिआर लगायत अन्य समानको दाखिला ।

७. कार्यालयमा रहेका सवारी साधनको नविकरण तथा विमा समयमा सम्पन्न ।

८. नयाँ कर्मचारी व्यवस्थापनको लागि आवश्यक सामग्री खरिद ।

९. विभिन्न शाखा मर्मत तथा रङ्गरोगन- पर्यटन विकास महाशाखा, आर्थिक प्रशासन महाशाखा, भण्डार शाखा ।

१०. कार्यलयमा रहेका पुराना मर्मत संभार गर्नु पर्ने सामानहरुको मर्मत संभार गरि चालु अवस्थामा राखेको ।

११.प्रमुख, उप -प्रमुख तथा प्रमुख प्रशासकीयअधिकृतज्यू बाट प्राप्त निर्देशन बमोजिम आवश्यक कार्यहरु सम्पन्न ।

## ख) योजना अनुगमन तथा सूचना प्रविधि महाशाखा

- जिल्ला समन्वय समितिमा मा यस महानगरको दशवटा वडाहरुबाट उपभोक्ता समितिका पदाधिकारिहरु छनौट गरि तालिममा सहभागि गराइएको,
- जिल्ला प्रशासन कार्यालय कास्कीमा माननिय शिक्षा मन्त्रीज्यू समक्ष प्रगति विवरण पेश तथा समसामयिक विषयमा छलफल तथा अन्तरक्रिया गरिएको,
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको आयोजनामा मुख्यमन्त्रिको कार्यालयको सहजिकरण तथा समन्वयमा स्थानिय निकायहरु/पालिकाहरुको असल अभ्यास प्रस्तुति पेश गरिएको,
- आ.ब.२०८१/८२ मा कार्यान्वयनार्थ सिमावर्ति पालिकाहरुसंग लागत साझेदारीमा पर्यटन प्रवर्द्धनका लागि पर्यटन पुर्वाधार सम्वन्धी योजनाहरुको माग संकलन गरिएको,
- नीति तथा योजना आयोग गण्डकी प्रदेशमा आवधिक योजना/DPR योजना लगायतको विवरण पेश गरिएको,
- आ.ब. २०८१/८२ तथा आगामि आ.ब २०८२/८३ एवं को अवण्डा वाँडफाँड समिति समक्ष पेश गर्ने योजनाको फाइल संकलन गरिएको

- USAID को प्राविधिक सहयोग र यस महानगरको समन्वयमा जल जंगल कार्यक्रम अन्तर्गत महानगरपालिकाको climate change budget coding सम्वन्धि कार्यक्रम सञ्चालन गरिएको,
- विभिन्न योजना सम्वन्धी दैनिक प्रशासनिक कार्यहरु गर्ने गरिएको ।

## ग) पूर्वाधार विकास महाशाखा

- बार्षिक विकास कार्यक्रम पुस्तिकामा रहेका र सम्झौता भएका योजनाको लगत स्टिमेट तयार, योजनाको अनुगमन,
- शहरी सडक, कृषि सडक तथा यातायात सम्बन्धी नीति, कानून, मापदण्ड तयारी कार्यमा सहयोग तथा कार्यान्वयन र नियमन सम्बन्धी कार्य गरिएको,
- स्थानीय सडक, कृषि सडक, झोलुङ्गे पुल, पुलेसा र तटबन्धन स्तरोन्नति, मर्मत, सम्भार सम्बन्धी कार्य गरिएको,
- वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलन, अपाङ्गता र लैङ्गिगमैत्री यातायात प्रणालीको प्रवर्द्धन सम्बन्धी कार्य,
- यातायात क्षेत्रमा वातावरणमैत्री प्रविधिलाई प्रोत्साहन सम्बन्धी कार्य गरिएको,
- शहरीकरण, बस्ती विकास सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्वन्धी योजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन सम्बन्धी कार्य गरिएको,
- योजनाबद्ध र व्यबस्थित वस्ती विकासका कार्यक्रमको तर्जुमा कार्यान्वयन तथा आधारभूत आवासका योजना तर्जुमा र कार्यान्वयन सम्बन्धी कार्य गरिएको,
- एकीकृत बस्ती विकासका लागि जग्गाको एकीकरण तथा जग्गा विकास र व्यबस्थापन सम्बन्धी कार्य गरिएको,
- व्यवस्थित बस्ती विकासका कार्यक्रमको तर्जुमा र कार्यान्वयन सम्बन्धी कार्य गरिएको,

## घ) पर्यटन तथा शहरी विकास महाशाखा

### क. घर नक्शा शाखा :

# नक्शा विवरण

## नक्सा विवरण

### नक्सा विवरण (आर्थिक वर्ष २०८१/२०८२)

| नक्सा प्रमाण पत्र | श्रावण | भाद्र | आश्विन | कार्तिक | मार्गशीर्ष | पौष | माघ | फाल्गुण | चैत्र | वैशाख | ज्येष्ठ | आषाढ | कुल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्लिन्थ लेभल सम्मको इजाजत पत्र | 39 | 54 | 59 | 91 | 145 | 166 | 133 | 153 | 166 | 90 | | | 1096 |
| प्लिन्थ लेभल भन्दा माथिको इजाजत पत्र | | | 3 | 1 | 2 | 4 | 3 | 5 | 31 | 31 | | | 80 |
| भवन निर्माण सम्पन्न प्रमाण पत्र | | | | | | | | | 4 | 7 | | | 11 |
| तल्ला थप इजाजत पत्र | 6 | 23 | 21 | 21 | 20 | 24 | 21 | 21 | 17 | 25 | | | 199 |
| भवन निर्माण सम्पन्न(नियमित) प्रमाण पत्र | | | | | | | | | | | | | |
| नामसारी प्रमाण पत्र | | | | | | | | | | | | | |
| जम्मा | 45 | 77 | 83 | 113 | 167 | 194 | 157 | 179 | 218 | 153 | | | 1386 |

**ख. ट्राफिक व्यवस्थापन:**

- कोरियाली सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा हरित यातायात प्रणाली तथा ट्राफिक व्यवस्थापनका लागि विभिन्न चरणको अध्ययन र कार्यक्रम अन्तर्गत दातृ निकायको सहयोगमा प्राप्त हुने सामग्रीहरु भन्सार छुटको प्रक्रियामा
- ट्राफिक नियम सम्बन्धि सचेतानात्मक कार्यक्रम संचालन भएको
- सार्वजनिक यातायातको सम्बन्धमा  सम्बद्ध निकायहरुसंग सहकार्य र समन्वय भएको

**ग. पर्यटन विकास :**

- सार्वजनिक निजि साझेदारिमा पर्यटन प्रर्वद्धन कार्यक्रम
- कर्पोरेट क्रिकेट गल्फ ड्रागनवोट म्याराथुन स्काईङसाईस्लिङ स्काइ ड्राइभिङ टायथोलन कायकिङ क्यानोनिङ बन्जी टेनिस प्रतियोगिता
- राष्ट्रिय तथा अन्तराष्ट्रिय मेला महोत्सव प्रर्बद्धन तथा सहभागी कार्यक्रम

## ङ) राजश्व महाशाखा

## आ.व २०८१/८२(चैत्र मसान्तसम्म) को आम्दानी विवरण

**पोखरा महानगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय, कास्की**
**कार्यालयको कोड : ८०४३९२०१३००**

**Office wise revenue collection Summary**

आ.व. : २०८१/८२ अवधी : २०८१/१०/०१-२०८१/१२/३१

| क्र.सं. | संकेत | राजस्व संकलन गर्ने कार्यालय | जम्मा | कैफियत |
|---|---|---|---|---|
| १ | ८०४३९२०१३०० | पोखरा महानगरपालिका, कास्की | ३,०८,१७,७२४.४० | |
| २ | ८०४३९२०१३०१ | पोखरा महानगरपालिका,१ नं. वडा कार्यालय, कास्की | २०,४८,३७९.७१ | |
| ३ | ८०४३९२०१३०२ | पोखरा महानगरपालिका,२ नं. वडा कार्यालय, कास्की | १६,९२,९३६.७७ | |
| ४ | ८०४३९२०१३०३ | पोखरा महानगरपालिका,३ नं. वडा कार्यालय, कास्की | २०,५१,६७१.११ | |
| ५ | ८०४३९२०१३०४ | पोखरा महानगरपालिका,४ नं. वडा कार्यालय, कास्की | २२,०१,०५६.७८ | |
| ६ | ८०४३९२०१३०५ | पोखरा महानगरपालिका,५ नं. वडा कार्यालय, कास्की | ३९,९४,९८७.३४ | |
| ७ | ८०४३९२०१३०६ | पोखरा महानगरपालिका,६ नं. वडा कार्यालय, कास्की | ८४,७७,१५९.६३ | |
| ८ | ८०४३९२०१३०७ | पोखरा महानगरपालिका,७ नं. वडा कार्यालय, कास्की | २४,६७,३२६.५९ | |
| ९ | ८०४३९२०१३०८ | पोखरा महानगरपालिका,८ नं. वडा कार्यालय, कास्की | ८०,०६,१९४.९५ | |
| १० | ८०४३९२०१३०९ | पोखरा महानगरपालिका,९ नं. वडा कार्यालय, कास्की | ८०,१७,९६४.५१ | |
| ११ | ८०४३९२०१३१० | पोखरा महानगरपालिका,१० नं. वडा कार्यालय, कास्की | ४१,२५,५१३.०७ | |
| १२ | ८०४३९२०१३११ | पोखरा महानगरपालिका,११ नं. वडा कार्यालय, कास्की | २५,००,१८६.९५ | |
| १३ | ८०४३९२०१३१२ | पोखरा महानगरपालिका,१२ नं. वडा कार्यालय, कास्की | २२,५३,२२०.१४ | |
| १४ | ८०४३९२०१३१३ | पोखरा महानगरपालिका,१३ नं. वडा कार्यालय, कास्की | ३८,१५,७३३.९७ | |
| १५ | ८०४३९२०१३१४ | पोखरा महानगरपालिका,१४ नं. वडा कार्यालय, कास्की | ९६,५०,०१४.९९ | |
| १६ | ८०४३९२०१३१५ | पोखरा महानगरपालिका,१५ नं. वडा कार्यालय, कास्की | ५३,८५,३००.१९ | |
| १७ | ८०४३९२०१३१६ | पोखरा महानगरपालिका,१६ नं. वडा कार्यालय, कास्की | ४३,३४,०५४.७९ | |
| १८ | ८०४३९२०१३१७ | पोखरा महानगरपालिका,१७ नं. वडा कार्यालय, कास्की | १,०२,४५,२९२.१० | |
| १९ | ८०४३९२०१३१८ | पोखरा महानगरपालिका,१८ नं. वडा कार्यालय, कास्की | २१,९४,५२६.८५ | |
| २० | ८०४३९२०१३१९ | पोखरा महानगरपालिका,१९ नं. वडा कार्यालय, कास्की | २४,९९,९७१.५० | |
| २१ | ८०४३९२०१३२० | पोखरा महानगरपालिका,२० नं. वडा कार्यालय, कास्की | १०,९१,५३३.४२ | |
| २२ | ८०४३९२०१३२१ | पोखरा महानगरपालिका,२१ नं. वडा कार्यालय, कास्की | १५,६९,०००.७६ | |
| २३ | ८०४३९२०१३२२ | पोखरा महानगरपालिका,२२ नं. वडा कार्यालय, कास्की | १२,४०,००५.७९ | |
| २४ | ८०४३९२०१३२३ | पोखरा महानगरपालिका,२३ नं. वडा कार्यालय, कास्की | ८,३४,२५४.७४ | |
| २५ | ८०४३९२०१३२४ | पोखरा महानगरपालिका,24 नं. वडा कार्यालय, कास्की | ११,४१,५५७.८३ | |
| २६ | ८०४३९२०१३२५ | पोखरा महानगरपालिका,25 नं. वडा कार्यालय, कास्की | ३६,३९,२३८.७३ | |
| २७ | ८०४३९२०१३२६ | पोखरा महानगरपालिका,26 नं. वडा कार्यालय, कास्की | ४०,७८,४०३.५१ | |
| २८ | ८०४३९२०१३२७ | पोखरा महानगरपालिका,27 नं. वडा कार्यालय, कास्की | ३९,७८,०१३.८३ | |
| २९ | ८०४३९२०१३२८ | पोखरा महानगरपालिका,28 नं. वडा कार्यालय, कास्की | ६,६९,६२९.६० | |
| ३० | ८०४३९२०१३२९ | पोखरा महानगरपालिका,29 नं. वडा कार्यालय, कास्की | ३५,५६,२४१.४२ | |
| ३१ | ८०४३९२०१३३० | पोखरा महानगरपालिका,30 नं. वडा कार्यालय, कास्की | ३८,९०,१२६.६२ | |
| ३२ | ८०४३९२०१३३१ | पोखरा महानगरपालिका,31 नं. वडा कार्यालय, कास्की | २०,६९,९२७.९३ | |
| ३३ | ८०४३९२०१३३२ | पोखरा महानगरपालिका,32 नं. वडा कार्यालय, कास्की | २५,१४,६४५.९१ | |
| ३४ | ८०४३९२०१३३३ | पोखरा महानगरपालिका,33 नं. वडा कार्यालय, कास्की | २१,४४,७१०.११ | |
| ३५ | ८०४३९२०१३३५ | शिक्षा महाशाखा, पोखरा | २१,३८,७००.०० | |
| ३६ | ८०४३९२०१३५० | शिशुवा अस्पताल | ३,३१,६२३.०० | |
| | | जम्मा | १५,१६,६६,८२९.६२ | |

६१४४२९५८३०

२१३११९८९८ ६.१२

पोखरा महानगरपालिका
नगरकार्यपालिकाको कार्यालय, कास्की
कार्यालयको कोड : ८०४३९२०१३००
Revenue Heading Wise Collection

राजस्व संकलनको अवस्था

| आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१-२०८१/१२/३१ | | | | |
|---|---|---|---|---|
| क्र.सं. | राजस्व संकेत | राजस्व शीर्षक | रकम | कैफियत |
| १ | ११३१३ | सम्पती कर | 106821097.6 | |
| २ | ११३१४ | भुमिकर/मालपोत | 174550668.8 | |
| ३ | ११३२१ | वहाल कर | 123126792.7 | |
| ४ | ११४७९ | अन्य मनोरञ्जन कर | 107571.01 | |
| ५ | १४१५१ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | 693333 | |
| ६ | १४१९१ | पर्यटन शुल्क | 11531408 | |
| ७ | १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम | 1348500 | |
| ८ | १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | 27389612.8 | |
| ९ | १४२२१ | न्यायिक दस्तूर | 182720 | |
| १० | १४२२४ | परीक्षा शुल्क | 1844000 | |
| ११ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | 98800 | |
| १२ | १४२४२ | नक्सापास दस्तुर | 110839454.2 | |
| १३ | १४२४३ | सिफारिश दस्तुर | 27888000 | |
| १४ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | 3651900 | |
| १५ | १४२४५ | नाता प्रमाणित दस्तुर | 3633000 | |
| १६ | १४२४९ | अन्य दस्तुर | 24702393.76 | |
| १७ | १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | 6000 | |
| १८ | १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | 1793933.21 | |
| १९ | १४३१३ | धरौटी सदरस्याहा | 177000 | |
| २० | १४५२९ | अन्य राजस्व | 19234363.73 | |
| २१ | १४६११ | व्यवसाय कर | 87457138.75 | |
| २२ | १५१११ | बेरूजू | 4648414 | |
| २३ | ३३३४२ | मनोरञ्जन कर | 5701000 | |
| २४ | ३३३४३ | विज्ञापन कर | 1235000 | |
| २५ | ३३३६६ | दहत्तर बहत्तर शुल्क | 56251000 | |
| २६ | ११६९१ | कवाडी कर | 34513000 | |
| २७ | ११३२२ | बहाल विटौटी शुल्क | 37680 | |
| २८ | १४२२३ | शिक्षा क्षत्रको आम्दानी | 619000 | |
| कुल जम्मा | | | 830082781.6 | |

## च) सामाजिक विकास महाशाखा

- अपाङ्ग भएका व्यक्तिहरुलाई अपाङ्गता परिचयपत्र वितरण गरिएको,
- महिला, वालवालिका, अपाङ्गता, ज्येष्ठ नागरिक, दलित, जनजाति, लगायत लक्षित वर्ग विशेष कार्यक्रम सञ्चालन गरिएको,
- सुरक्षित आप्रवासन सामी परियोजना अन्तर्गत विभिन्न कार्यक्रम सञ्चालन,
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत बिभिन्न सीप विकास तालिम, रोजगारी प्रदान गरिएको,
- रोजगार मेलामा सञ्चालन गरिएको,

- सामाजिक सुरक्षा तथा संरक्षण,
- गरिवसँग विश्वेश्वर कार्यक्रम सञ्चालन,
- उपप्रमुखसँग महिला कार्यक्रम सञ्चालन गरिएको,
- शहरी गरिवी न्यूनीकरण तथा साझेदारी विकास कोष परिचालन कार्यक्रम,
- गैरसरकारी संघसंस्था समन्वय तथा परिचालन ,
- कला , संस्कृति संरक्षण तथा प्रवद्र्धनमूलक कार्यक्रम,
- ज्येष्ठ नागरिक सम्मान, वृद्धाश्रम तथा मिलनकेन्द्र सहयोग कार्यक्रम सञ्चालन,
- सुरक्षित वैदेशिक रोजगारीसँग सम्वन्धित कार्यक्रमहरु सञ्चालन,
- लागू औषध दुर्वेशनी विरुद्ध कार्यक्रम सञ्चालन गरिएको,
- सडक वालवालिका, अनाथ वालवालिका तथा परित्यक्त, व्यवारिसे व्यक्तिहरुको उद्धार, राहत, पुर्नस्थापना गरिएको ।

## (१०) कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पदः

**कार्यालय प्रमुखको नामः** श्री शिवराज चौलागाईं
पदः प्रमुख प्रशासकीय अधिकृत (सह-सचिव)
इमेल ठेगानाः shivrajchaulagain@gmail.com
सम्पर्क नम्बर: ९८५६००७१११

**सूचना अधिकारीको नामः** श्री कृष्ण प्रसाद तिवारी
पदः उप-सचिव (नवौं तह)
सम्पर्क नम्बरः ९८५६००३०४५
इमेल ठेगानाः suchanaadhikari@pokharamun.gov.np

## (११) ऐन, नियम, विनियम, कार्यविधि वा निर्देशिकाको सूचीः

पोखरा महानगरपालिकासँग सम्बद्ध संघीय र प्रदेश कानुन बाहेकका संघीय र प्रदेश कानुन प्रतिकूल नहुने गरी आवश्यकता अनुसार स्थानीय ऐन, नियमावली, विनियम, कार्यविधि, मापदण्ड, दिग्दर्शन र निर्देशिकाहरुको निर्माण, कार्यान्वयन एवम् परिपालना गरिरहेको छ । उक्त स्थानीय कानुनहरु स्थानीय राजपत्रमा प्रकाशन गरी यस्ता कानुनी प्रबन्धहरुको विस्तृत सूची पोखरा महानगरपालिकाको वेबसाइट pokharamun.gov.np मा हाम्रो कानुन नामक होमपेजमा राखिएको छ ।

## (१२) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणः

यस महानगरपालिकाको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी विवरणहरु पो.म.पा.को वेबसाइट pokharamun.gov.np मा राख्ने गरिएको छ । चालु आ.व. ०८१/०८२ को चैत्र मसान्तसम्ममा भएको आर्थिक कारोवारको विवरण यस प्रकार रहेको छ ।

पोखरा महानगरपालिका
नगरकार्यपालिकाको कार्यालय, कास्की
कार्यालयको कोड : ८०४३९२०१३००

क्षेत्रगत बजेट तथा खर्च

आ.व. : २०८१/८२

| क्र.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३२,६३,२३,६७४.०० | ६,५५,३६,०८५.२७ | २०.०७ | २६,०७,८७,५८८.७३ |
| १ | कृषि | ६,४४,५३,०००.०० | २,०९,५३,८९३.०० | ३२.५१ | ४,३४,९९,१०७.०० |
| २ | उद्योग | ७५,४८,०००.०० | ६,७१,३१०.०० | ८.८९ | ६८,७६,६९०.०० |
| ३ | पर्यटन | १६,५१,४६,६७४.०० | २,८१,५०,६६९.२७ | १७.०५ | १३,६९,९६,००४.७३ |
| ४ | सहकारी | २,६३,९२,०००.०० | ४४,८१,८२३.०० | १६.९८ | २,१९,१०,१७७.०० |
| ५ | वित्तीय क्षेत्र | ३,००,०००.०० | ९९,९००.०० | ३३.२९ | २,००,१००.०० |
| ६ | जलश्रोत तथा सिंचाई | ३,५९,३४,०००.०० | ४८,१८,९६४.०० | १३.४१ | ३,११,१५,०३६.०० |
| ७ | बन | २०,५०,०००.०० | १,४७,९३२.०० | ७.२२ | १९,०२,०६८.०० |
| ८ | पशुपन्छी विकास | २,०६,००,०००.०० | ४३,४९,३००.०० | २१.११ | १,६२,५०,७००.०० |
| ९ | भूमि व्यवस्था | ३९,००,०००.०० | १८,६२,२९४.०० | ४७.७५ | २०,३७,७०६.०० |
| २ | सामाजिक विकास | २,२५,८१,९८,१७०.०० | १,३७,६२,७०,५८८.३१ | ६०.९५ | ८८,१९,२७,५८१.६९ |
| १ | शिक्षा | १,६५,००,४९,०००.०० | १,१२,६१,२१,६३०.३० | ६८.२५ | ५२,३९,२७,३६९.७० |
| २ | स्वास्थ्य | २४,४२,७१,५७८.०० | १३,९८,४७,२४२.०९ | ५७.२५ | १०,४४,२४,३३५.९१ |
| ३ | खानेपानी तथा सरसफाई | १४,०२,८४,०९२.०० | ४,४३,४५,६४५.२१ | ३१.६१ | ९,५९,३८,४४६.७९ |
| ४ | भाषा तथा संस्कृति | ६,३१,४८,०००.०० | ८९,९४,२२७.०० | १४.२४ | ५,४१,५३,७७३.०० |
| ५ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | ५,८६,७२,०००.०० | २,०६,०५,४४७.०४ | ३५.११ | ३,८०,६६,५५२.९६ |
| ६ | युवा तथा खेलकुद | ४,३३,६३,०००.०० | १,०२,७३,९७०.०० | २३.६९ | ३,३०,८९,०३०.०० |
| ७ | जनसंख्या तथा बसाईसराई | ३,३५,०००.०० | ०.०० | ० | ३,३५,०००.०० |
| ८ | सामाजिक सुरक्षा तथा संरक्षण | ५,८०,७५,५००.०० | २,६०,७४,४२६.६७ | ४४.९ | ३,२०,०१,०७३.३३ |
| ३ | पूर्वाधार विकास | ३,८३,५७,५०,७२६.०० | १,१९,१६,८३,०५९.०० | ३१.०७ | २,६४,४०,६८,६६७.०० |
| १ | यातायात पूर्वाधार | २,९७,७४,८२,५६०.०० | ९६,३५,५२,७५९.६१ | ३२.३६ | २,०१,३९,२९,८००.३९ |
| २ | भवन, आवास तथा सहरी विकास | ७०,५६,१५,६६६.०० | १९,८४,०९,२८१.७३ | २८.१२ | ५०,७२,०६,३८४.२७ |
| ३ | उर्जा | ३,४४,८०,०००.०० | १,१५,८१,२६६.०० | ३३.५९ | २,२८,९८,७३४.०० |
| ४ | संचार तथा सूचना प्रविधि | ८८,७६,५००.०० | ३५,०००.०० | ०.३८ | ८८,४१,५००.०० |
| ५ | सम्पदा पूर्वाधार | ८,५९,६२,०००.०० | १,०६,९८,९६९.६६ | १२.४५ | ७,५२,६३,०३०.३४ |
| ६ | विज्ञान तथा प्रविधि | ६७,३८,०००.०० | ४३,०७,३२७.०० | ६३.९३ | २४,३०,६७३.०० |
| ७ | पुनर्निर्माण | १,६५,९०,०००.०० | ३१,०७,४५५.०० | १८.७३ | १,३४,८२,५४५.०० |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १०,५३,६१,०००.०० | २,३९,१५,१३२.७० | २२.७ | ८,१४,४५,८६७.३० |
| १ | वातावरण तथा जलवायु | ११,८६,०००.०० | ८०,६१६.०० | ६.८ | ११,०५,३८४.०० |
| २ | विपद व्यवस्थापन | ३,३३,०१,०००.०० | ८६,४९,२१७.६५ | २५.९७ | २,४६,५१,७८२.३५ |
| ३ | मानव संशाधन विकास | ६९,६५,०००.०० | २०,७५,७०९.०० | २९.८ | ४८,८९,२९१.०० |
| ४ | शान्ति तथा सुव्यवस्था | ७८,८०,०००.०० | १४,७९,५३०.०० | १८.७८ | ६४,००,४७०.०० |
| ५ | कानुन तथा न्याय | १,१८,५०,०००.०० | ७१,९३७.०० | ०.६१ | १,१७,७८,०६३.०० |
| ६ | शासन प्रणाली | ३,०५,६८,०००.०० | ९३,९७,९७५.०० | ३०.७४ | २,११,७०,०२५.०० |
| ७ | तथ्यांक प्रणाली | ५,५०,०००.०० | ५०,०००.०० | ९.०९ | ५,००,०००.०० |
| ८ | गरिबी निवारण | १,५०,०००.०० | ०.०० | ० | १,५०,०००.०० |
| ९ | श्रम तथा रोजगारी | ६,३०,०००.०० | २,८६,३८०.०० | ४५.४६ | ३,४३,६२०.०० |
| १० | योजना तर्जुमा र कार्यन्वयन | १,००,०००.०० | ०.०० | ० | १,००,०००.०० |
| ११ | अनुगमन तथा मूल्यांकन | ११,००,०००.०० | ८०,०००.०० | ७.२७ | १०,२०,०००.०० |
| १२ | प्रशासकीय सुशासन | ४६,६१,०००.०० | १२,४७,५००.०५ | २६.७६ | ३४,१३,४९९.९५ |
| १३ | वित्तीय सुशासन | ६४,२०,०००.०० | ४,९६,२६८.०० | ७.७३ | ५९,२३,७३२.०० |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ९८,७६,४९,४३०.०० | ५४,७४,२४,४९२.५८ | ५५.४३ | ४४,०२,२४,९३७.४२ |
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ९८,७६,४९,४३०.०० | ५४,७४,२४,४९२.५८ | ५५.४३ | ४४,०२,२४,९३७.४२ |
| | | ७,५१,३२,८३,०००.०० | ३,२०,४८,२८,३५७.८६ | ४२.६५ | ४,३०,८४,५४,६४२.१४ |

### (१३) तोकिए बमोजिमको अन्य विवरणः

नियमानुसार तोकिए बमोजिमको अन्य विवरण समेत पोखरा महानगरपालिकाको वेभसाइट pokharamun.gov.np मा राखिएको छ। जस्तैः

-जरुरी सूचना

- ठेक्का बन्दाबन्दी सम्बन्धी सूचना
- विभिन्न विषय क्षेत्रगत नियमन सम्बन्धी सूचना

### (१४) अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण।

यस महानगरपालिकाले हरेक आर्थिक वर्षको लागि नगर सभाबाट स्वीकृत बजेट नीति तथा कार्यक्रम बमोजिम समय समयमा विभिन्न प्रकारका क्षेत्राधिकारसँग सम्बन्धित कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ।

- पर्यटन राजधानी घोषणामा सक्रिय सहभागिता
- सामाजिक प्रगति समिक्षा
- सार्वजनिक सुनुवाई
- सामाजिक परिक्षण
- सरसफाई कार्यक्रम(फेवाताल)
- राजश्व सचेतनाका लागि स्वयंसेवक परिचालन
- जनप्रतिनिधिहरुलाई कानुनी सचेतना कार्यक्रम

### (१५) सार्वजनिक निकायको वेभसाइट भए सोको विवरणः

पोखरा महानगरपालिकासँग सम्बन्धित संक्षिप्त विवरण एवं सूचनाहरु जानकारीको लागी पोखरा महानगरपालिकाको आफ्नै वेबसाइट pokharamun.gov.np रहेको छ।

### (१६) सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरणः

नेपाल सरकार, गण्डकी प्रदेशबाट जारी तथा अन्य प्रचलित ऐन, नियममा तोकिए बमोजिम वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विस्तृत विवरण पोखरा महानगरपालिकाको वेबसाइट pokharamun.gov.np रहेको छ।

### (१७) सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदनः

महानगरपालिकाले सञ्चालन गरेका कार्यक्रमहरु आ.व.२०८१/०८२ को बजेट, नीति तथा कार्यक्रम अन्तर्गत रहेको छ।

### (१८) सार्वजनिक निकायको वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधीः

यस महानगरपालिकाको सम्पूर्ण सूचना, विवरण, तथ्याङ्क एवं आवश्यक दस्तावेजहरुको वर्गिकरण नगरेको र त्यस्ता सूचनाहरु महानगरपालिकाले प्रचलित ऐन, नियमानुसार सुरक्षित राख्ने गरिएको छ।

## (१९) सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरणः

नेपाली नागरिक,सेवाग्राही एवं सरोकारवाला व्यक्तिहरुले महानगरपालिकासँग माग गरेको सूचना नियमानुसार उपलब्ध गराउने गरिएको छ। मिति २०८१।१०।०१ देखि मिति २०८१।१२।३१ गतेसम्ममा ५ जना निवेदकहरुलाई सूचना उपलब्ध गराइएको छ।

## २०) सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सोको विवरणः

महत्वपूर्ण सूचनाहरु राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गर्ने र त्यस्तो विवरण पोखरा महानगरपालिका वेबसाइट pokharamun.gov.np राख्ने गरिएको छ । पोखरा महानगरपालिकाको बुलेटिन तथा विभिन्न सञ्चार माध्यमबाट महानगरपालिका सम्बन्धी सूचना, तथ्याङ्क र गतिविधिहरु सार्वजनिक भैरहेका छन्। आवधिक सार्वजनिक सुनुवाई, वडा स्तरीय सार्वजनिक सुनुवाई हुने गरेको छ।